# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २३ गते २०११ साल

## भाग २

## अर्थमन्त्रालयको सूचना

संख्या २२४ १७—७—०११

मोफसलका कर्मचारीहरू देशलाका, काज खटिई गएमा तलब पेस्की दिलाई पठाउने र सदर मोफसलका सरुवा बढुवा भई जाने कर्मचारीलाई साविक अड्डाबाट खाएको तलब भत्ताको निस्सा दिलाई पठाउने बारे देहायका कुरामा देहायबमोजिम गर्ने ४।४।०११ मा निर्णय भई आएको हुँदा सूचित गरिएको छ, सोबमोजिम गर्नु गराउनु ।

(१) यसअघि सदरका सरकारी कर्मचारीहरू मध्येश पहाड इलाकामा काज खटिई गएका काजखटिएअनुसार महिना ६ छ सम्मको तलब पेस्की पाउने, सधान भै रहेको मध्येश पहाड जिल्लाका कर्मचारीहरू देशलाकामा जति दिन काज खटिई





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भए पनि तलब पेस्की पाउने सवाल नियम केही नभई खामो काजमा जानेहरूलाई भर्ना परिरहेकोले आइन्दा मध्येश पहाड जिल्ला जिल्लाका कर्मचारीहरू कामविशेषले कुनै सरकारिया काममा आफू जागीर भएको जिल्ला छाडी एका जिल्लाबाट अर्को जिल्लामा १ महिनाभन्दा बढी खटिने वा केन्द्रमा बस्ने गरी काज खटिनेमा समेत केन्द्रबाट खटाएकोमा केन्द्रकै खटाउने अड्डाबाट र स्थानीय गौंडा, गोस्वारा, सर्कल तथा अपीलका हाकिमहरूले खटाउनेमा निजहरूलाई तलब खर्च लेखी खुवाउने अड्डाबाट बढीसे बढीमा महिना ६ देखि बढीको तलब पेस्की नजाने गरी काज खटिए-अनुसार १ महिनादेखि ६ महिनासम्मको पेस्की दिलाई यस महिनासम्मको तलब पेस्की लिएको छ भन्ने भाकको बाब लागेको निस्सासमेत दिलाई पठाइदिने तोकिएका म्यादभन्दा बढी बस्न परी सोबमोजिम दिए दिलाएको पेस्कीबाट नपुग भएमा केन्द्रमा भएको भए विभागीय मन्त्रालय अथवा डाइरेक्टरीयटमा र अरू जिल्लामा खटिएको भए सो जिल्लाको स्थानीय बडाहाकिमकहाँ गई सो निस्सा देखाई थप पेस्कीको निकासा माग्ने सो अड्डाहरूले पनि काम र म्याद हेरी चाहिंदो तहसिल, माल, मैनेजरी, अस्थानबाट सदर स्याहामा खर्च लेखाई यति महिनाको यति रुपैयाँ भएको भन्ने सो निस्साको लेडमा बनाउन समेत लगाई दिने र सो पेस्की मुक्तान भएपछि तलब खर्च लेखी दिने अड्डाहरूले काज खटिई गएको ठाउँमा निजले तलब पेस्की लिएको निस्सा हेरेर मात्र दिने दिलाउने ।

(२) सदरबाट मध्येश पहाडमा र मध्येश पहाडबाट सदरमा र जिल्ला जिल्लाको जिल्ला जिल्लामै सरुवा बढुवा मै गरका सरकारी कर्मचारीहरूलाई साबिक बहाल रहेको ठाउँको तलब खुवाउने अड्डा माल, मैनेजरी, तहसिल, निजामती वालितलबबाट सरुवा बढुवा भई जाने कर्मचारीले यो साल मितिसम्मको तलब पेस्की अड्डाबाट दिई लिई सकेको छ भन्ने सो तलब

मुद्रण विभाग


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खुवाउने अड्डाको हाकिम, तहरीरसमेतको छाप दस्तखत भएको निस्सा दिलाई पठाई दिने र सरुवा बढुवा भई गएको ठाउँमा तलब खुवाउने अड्डाबाट सो निस्सा हेरी बुझी निजको बारेमा भएको बक्साली आदेशबमोजिम साबिक तलब खाने अड्डाबाट खाएको तलब भत्ता दोहरो नपर्ने गरी खाने खुवाउने गर्नें।

नोटः–तलब दिनेले दिइएको तलब दिएको छैन, भनी वा दिइएको निस्सा बेहोरा लेख्न छुटाएको कारणबाट दोहरो तलब गएमा सो गर्ने र छुटाउनेले जवाफदेही भई बुझाउनुपर्छ।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

२३० १८।७।०११

अर्थमन्त्रालय खर्चविभागको डे. से. शेषराज दली र डे. से. कृष्णराम भण्डारी बिरामी र काजमा समेत भै अनुपस्थिति भएकोले का.मु.से. श्रीचूडानन्द, श्रीमाननीय प्रधान तथा अर्थमन्त्रीज्यूको साथ जानुभएकोले १८।७।०११ देखि वहाँ फर्कनु नभएसम्म उक्त डे. से. हरुले गरी आउनुभएको खर्च—विभागको काम र आयविभागको आफ्नु कामसमेत डे. से. रामप्रसादबाट गर्ने गराउने निर्णय भएको छ।

आज्ञाले—
परीक्षितनरसिंह राणा
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित, सरदार विष्णुध्वज जोशी।

८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।